नेपाली

Vol.42 | 2024.07

भिविन्न देशका बिदेसीहरुको लागि समाचार

# Ota City Navigation







# गर्मी बिदा अध्ययन क्लास सँगै गर्मी बिदाको गृहकार्य गरौं!

जापानी भाषा अध्ययन गरिरहेका प्राथमिक विद्यालय ग्रेड 3 का विद्यार्थीहरू~निम्न माध्यमिक विद्यालय ग्रेड 3 का विद्यार्थीहरूको लागि "गर्मी बिदा अध्ययन क्लास" को आयोजना गरिनेछ।
हाम्रो संघको तालिम पूरा गरेका स्वयंसेवकहरूले जापानी भाषा प्रति चिन्ता भएका बालबालिकाहरूको गर्मी बिदाको गृहकार्यमा सहयोग गर्छन्।

2024 साल अगस्ट 7 तारिख (बुधबार), 8 तारिख (बिहीबार), 9 तारिख (शुक्रबार)　9:30 am~11:30 am

निःशुल्क

20 जना

- सहर भित्र बसोबास अथवा अध्ययन गर्ने विदेशी राष्ट्रसँग सम्बन्ध भएका प्राथमिक विद्यालय ग्रेड 3 का विद्यार्थीहरू~निम्न माध्यमिक विद्यालयका विद्यार्थीहरू

संघको होमपेजको तोकिएको फाराम

## ■ बाल अध्ययन सहयोग क्लास

यो क्लास जापानी भाषा अध्ययन गरिरहेका प्राथमिक तथा निम्न माध्यमिक विद्यालयका विद्यार्थीहरूको लागि हो। 2024 साल सेप्टेम्बर 25 तारिख (बुधबार)~डिसेम्बर 4 तारिख (बुधबार)। विस्तृत जानकारीको लागि वेबसाइटमा हेर्नुहोस्।

ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) (ओता सहर कामाता 4-16-8　2F)

अन्तर्राष्ट्रिय सहर ओता संघ

☎ 03-6410-7981　FAX 03-6410-7982　E-mail mail@ota-goca.or.jp

···· कहिले　···· रकम　···· कति जना　···· कहाँ　···· आवेदन दिने तरिका　···· आवेदन दिने ठाउँ　···· सम्पर्क

## नागरिक पेन्सन बिमा शुल्क छुट आवेदनबारे

नागरिक पेन्सन बिमा शुल्क भुक्तानी गर्न कठिनाइ भएको बेलाको लागि छुट प्रणालीको व्यवस्था छ।

आवेदनको लागि आफ्नो परिचय खुल्ने कागजात, आधारभूत पेन्सन नम्बर सूचना पत्र आदि आवेश्यक पर्नेछ। सम्बन्धित व्यक्ति, पति वा पत्नी र घरमूली प्रत्येकको अघिल्लो वर्षको आयको छानबिन गरिनेछ। आवेदन पछि पेन्सन कार्यालयले छानबिन गरी स्वीकृत गरेमा नागरिक पेन्सन बिमा शुल्कको सम्पूर्ण रकम अथवा केही अंश छुट गरिनेछ।

छुट आवेदनको दायरामा पर्ने अवधि 2 वर्ष 1 महिना अघिसम्म। हरेक वर्ष आवेदन आवश्यक पर्नेछ।

नबुझेको खण्डमा ओता सहरको होमपेज हेर्नुहोस्।



©Ota City

काउन्टर र हुलाक

नागरिक स्वास्थ्य बिमा तथा पेन्सन शाखा

नागरिक पेन्सनको जिम्मेवार कर्मचारी

☎ 03-5744-1214

सोमबार~शुक्रबार 8:30 am~5:00 pm

ओता पेन्सन कार्यालय

ओता सहर मिनामी कामाता 2-16-1

टेक्नोपोर्ट कामाता सेन्टर बिलडिङ 3F

☎ 03-3733-4141

सोमबार 8:30 am~7:00 pm,

मंगलबार~शुक्रबार 8:30 am~5:15 pm,

दोस्रो शनिबार 9:30 am~4:00 pm

[ओता सहरको वेबसाइट]

## आर्थिक वर्ष 2024 सालको व्यक्तिगत निवासी करको निश्चित रकम कर कटौतीबारे

आर्थिक वर्ष 2024 को निश्चित रकम कर कटौती (व्यक्तिगत निवासी करको रकम) निम्न अनुसार रहेको छ।

दायरामा पर्ने व्यक्तिहरू: अघिल्लो वर्षको कुल आय रकम 1 करोड 80 लाख 50 हजार येन वा सोभन्दा कमको व्यक्तिगत निवासी कर आय अनुपातको कर भुक्तानी गर्ने दायित्व भएको व्यक्ति

कटौती गरिने कर रकम: सम्बन्धित व्यक्ति, कटौतीको दायरामा पर्ने पति वा पत्नी लगायत पालनपोषण (डिपेन्डेन्ट) नातेदार प्रति व्यक्ति 10 हजार येन

(अन्य)

जापान भित्र ठेगाना दर्ता गरी बसोबास गरिरहेका व्यक्तिहरू मात्र दायरामा पर्नेछन्।

निश्चित रकम कर कटौती लागु गर्नको लागि आवेदनको आवश्यक पर्दैन।

विस्तृत जानकारीको लागि ओता सहरको होमपेजमा गई निश्चय गर्नुहोस्।

*आय करको निश्चित रकम कर कटौती रकम (प्रति व्यक्ति 30 हजार येन) को बारेमा राष्ट्रिय कर नियोगको होमपेजमा गई निश्चय गर्नुहोस्।

कर शाखा

☎ 03-5744-1194~1196

FAX 03-5744-1515

[निवासी कर रकमको बारेमा यहाँ]

[आय कर रकमको बारेमा यहाँ]



©Ota City

## ■ ओता सहरको फोहोर वर्गीकरण एप्लिकेसन प्रयोग गर्नुहोस्

के तपाईंले फोहोर निकाल्ने दिन, फोहोर छुट्टयाउने तरिका आदिको कारण समस्या भएको अनुभव गर्नुभएको छ?
ओता सहरमा आफूसँग भएको स्मार्टफोन प्रयोग गरेर फोहोर सङ्कलन गरिने दिन, फोहोर निकाल्ने तरिका, फोहोर निकाल्दा ध्यान दिनुपर्ने कुराहरू, फोहोर वर्गीकरण शब्दकोश जस्ता प्रायः सोधिने प्रश्नहरूको जवाफ सजिलै निश्चय गर्न सकिने एप्लिकेसनको व्यवस्था गरिएको छ। आफ्नो आवश्यकता अनुसार यसको प्रयोग गर्नुहोस्।

सरसफाइ शाखा
सङ्कलन तथा रिसाइकलिङ जिम्मेवार कर्मचारी
☎ 03-5744-1628　FAX 03-5744-1550
E-mail：kan-seso@city.ota.tokyo.jp
[ओता सहरको फोहोर वर्गीकरण एप्लिकेसन सम्बन्धी जानकारीको लागि यहाँ]




©Ota City

## ■ ओता सहर शान्ति सहर घोषणा स्मारक कार्यक्रम "शान्ति सभा"

ओता सहरमा युवा पुस्तालाई शान्तिको बहुमूल्यता र महत्त्व बुझाउने र भविष्यमा पनि युद्ध बिनाको शान्तिपूर्ण सहरलाई कायम राख्ने उद्देश्यका साथ "शान्ति सभा" को आयोजना गरिन्छ।

[शान्ति स्मारक समारोह आदि] (10:00 am~)
शान्ति स्मारक समारोह, शान्ति प्यानल प्रदर्शनी, वर्कसप आदि
[शान्ति प्रार्थना हानाबी (आतसबाजी)] (7:00 pm~)
हानाबी (आतसबाजी)

2024 साल अगस्ट 15 तारिख (बिहीबार)
शान्ति स्मारक समारोह आदि
ओता कुमिन हल, आपुरिको (ओता सहर कामाता 5-37-3)
शान्ति प्रार्थना हानाबी (आतसबाजी)
तामागावा नदीको किनार (ओता सहर निसिरोकुगो 4 च्योमे नजिक)
संस्कृति प्रवर्द्धन शाखा
संस्कृति प्रवर्द्धन कर्मचारी
☎ 03-5744-1226　FAX 03-5744-1539
E-mail：bunka@city.ota.tokyo.jp

## ■ काचु काइस्यु स्मारक भवन स्थापनाको पाँचौं वार्षिकोत्सवको विशेष प्रदर्शनी

### दोस्रो संग्रह कागजातहरू प्रदर्शनी　संरक्षण गरी बताइदै आएको काइस्युको ऐतिहासिक सम्पद

2024 साल सेप्टेम्बर 7 तारिखमाकाचु काइस्यु स्मारक भवन खोलेको 5 वर्ष पूरा हुन्छ। यस स्मरणीय प्रदर्शनीमा अनुसन्धानबाट स्पष्ट भएका अप्रकाशित सामग्रीहरूको प्रदर्शनका साथै बहुमूल्य ऐतिहासिक कागजातहरू पुनर्स्थापना गर्ने तरिकाहरू आदिबारे पनि जानकारी दिइनेछ।

2024 साल जुलाई 12 तारिख (शुक्रबार)~नोभेम्बर 10 तारिख (तारिख)　भवन खुला रहने समय　10:00 am~6:00 pm
*भवन बन्द रहने दिन　सोमबार (सार्वजनिक बिदाको खण्डमा भोलिपल्ट)
*नयाँ जानकारीको लागि ओता सहरको होमपेजमा गई निश्चय गर्नुहोस्।
काचु काइस्यु स्मारक भवन (ओता सहर मिनामी-सेन्जोकु 2-3-1)
भवनको टिकट शुल्क: सामान्य टिकट 300 येन, प्राथमिक तथा निम्न माध्यमिक विद्यालयको विद्यार्थीको लागि 100 येन (विभिन्न प्रकारका छुटहरू उपलब्ध छन्)
काचु काइस्यु स्मारक भवन
☎ 03-6425-7608　FAX 03-6425-7610

···· कहिले　···· रकम　···· कति जना　···· कहाँ　···· आवेदन दिने तरिका　···· आवेदन दिने ठाउँ　···· सम्पर्क

## ■ किताबको प्रेजेन्टेसन (बिब्लियो ब्याटल)

ओता सहर भित्र बसोबास गर्ने विदेशी नागरिकहरूले जापानी भाषामा किताबबारे जानकारी दिनेछन्।
सहभागी हुने व्यक्तिहरूलाई कुन किताब पढ्ने इच्छा जाग्यो भनेर मतदान गर्न लगाइनेछ।
(प्रेजेन्टरको रूपमा सहभागी हुन चाहने विदेशी नागरिकले छुट्टै सम्पर्क गर्नुहोस्।)

- 2024 साल सेप्टेम्बर 8 तारिख (आइतबार)
  2:00 pm~4:00 pm
- ओमोरी मिनामी पुस्तकालय 2F बहुउद्देश्यीय कोठा
  (ओता सहर ओमोरी-मिनामी 1-17-7)
- निःशुल्क
- अधिकतम सहभागी संख्या 20जना (अग्रिम रूपमा नाम लेखाउनुपर्नेछ)
- भवन अथवा फोन (आवेदन अवधि अगस्ट 9 तारिख (शुक्रबार)~अगस्ट 30 तारिख (शुक्रबार))
- ओमोरी मिनामी पुस्तकालय
  ☎ 03-3744-8411
  FAX 03-3744-8421

## ■ फुरुहामा "बिच योगा"

आँखा अगाडि समुद्र भएको बिचमा योगा गरिन्छ। के तपाईं हावाको लहर र सूर्यको किरण महसुस गर्दै मनका साथै शरीर पनि रिफ्रेस गर्न चाहनुहुन्छ? जसले पनि भाग लिन सक्ने हुनाले संकोच नमानीकन भाग लिनुहोस्।



- <मर्निङ>
  2024 साल सेप्टेम्बर 28 तारिख (शनिबार) र अक्टोबर 12 तारिख (शनिबार) 9: 30 am~10: 30 am
  <सनसेट>
  2024 साल अक्टोबर 6 तारिख (तारिख) र अक्टोबर 20 तारिख (आइतबार) 4: 30 pm~5: 30 pm
- ओमोरी फुरुसातो-नो-हामाबे पार्क, बिच एरिया
  (ओता सहर फुरुसातो-नो-हामाबे पार्क 1-1)
- निःशुल्क
- पहिले नाम लेखाउने 30 जना।
- सोही दिन स्पोर्टस मैदानमा नाम लेखाउनुहोस्।
- सार्वजनिक हितकारी संघ ओता सहर खेलकुद संघ
  ☎ 03-5748-5400
  FAX 03-6410-6955
  E-mail：info@sports-ota.or.jp

हामीले यो जानकारीपत्र 1 वर्षमा 8 पटक प्रकाशन गरिरहेका छौं। यो जानकारीपत्र पुस्तकालय, बाल भवन, विशेष उपशाखा जस्ता ओता सहरका सुविधाहरू र JR कामाता, ओमोरी, केइक्यु जोसिकी जस्ता सहर भित्रका स्टेसनहरूमा वितरण गरिन्छ।

प्रकाशन ओता अन्तर्राष्ट्रिय शहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा
ठेगाना 〒144-0052 ओता सहर कामाता 4-16-8 2F
ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) भित्र
☎ 03-5744-1227 FAX 03-5744-1323

▼ विदेशी नागरिकहरूको लागि जानकारी (131 भाषाहरूमा उपलब्ध छ)

▼ बहुभाषी परामर्श काउन्टर

ब्याक नम्बर हेर्न सकिन्छ। ▶